बैठक संख्या -५५

आज मिति २०७९।०२।२३ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधबप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसि देहायका प्रस्ताव उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री माधवप्रसाद अर्याल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री मार सिङ तामाङ | वडा अध्यक्ष |
| श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष |
| श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री यम नाम आचार्य | वडा अध्यक्ष |
| श्री बुटी तामाङ | सदस्य |
| श्री ज्ञानु विश्वकर्मा | सदस्य |
| श्री शान्ती माया तामाङ | सदस्य |
| श्री पुलती विश्वकर्मा | सदस्य |
| श्री पुर्ण बहादुर घले | सदस्य |
| श्री राम बहादुर विश्वकर्मा | सदस्य |
| श्री नेत्रमणी न्यौपाने | सदस्य सचिव |

निर्णयहरु

**निर्णय नं. १** गाउँपालिकाको वर्तमान स्थितिलाई मुल्याङ्कन गरि के कस्ता विषयलाई प्राथमिकता दिने सम्बन्धमा कार्यालयका तर्फबाट खाका तयार पारी आगामी बैठकमा पेश गर्ने र सबै बुद्धिजिवि वर्ग सँग राय सुझाव माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** बागमती प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान अन्तर्गत वडा नं ४ मा पर्ने कोषधार ढुङ्गे खानेपानी आयोजना निर्माणका लागी कार्यालयबाट भएको बोलपत्र आह्वानमा २ वटा निर्माण कम्पनीले भाग लिएकोमा पहिलो कबोल गर्ने निर्माण कम्पनी सम्झौता गर्न निर्धारित समय भित्र नआएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम आवश्यक कारबाही गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३** उत्तरगया गाउँपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७९ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं ४** मिति २०७९ असार १ गते पश्चात यस गाउँपालिका भित्र निर्माण कार्य गरिने सबै प्रकारका योजनाहरुको प्राविधिक लागत अनुमान लगायत सम्पूर्ण प्राविधिक प्रतिवेदनहरु तयार गर्दा अनिवार्य रुपमा अंग्रेजी र नेपाली दुवै माध्यमबाट गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५** यस गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवाहरुलाई जनताले सहज रुपमा पाउनको लागी सूचना प्रविधिको प्रयोगको सन्दर्भमा आवाश्यक अध्ययन गरि यथाशिघ्र आवश्यक प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६** यस गाउँपालिकाको कृषी तथा पशु सेवा शाखामा कार्यरत तपसिलका कर्मचारीहरुको करार अवधि २०७९ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

तपसिल

क. शंकर घिमिरे

ख. निकिता ढकाल

ग. दिल कुमारी पौडेल

घ. उद्धव पौडेल

ङ सन्तोषी आचार्य

प्रस्ताव नं. ५ वाढी पहिरो बाट क्षति भएको संरचना पुननिमार्ण सम्बन्धमा ।

प्रस्ताव नं. ६ वेत्रावती कैजेलिटार विद्युत प्रसारण लाईन स्थानान्तरण सम्बन्धमा ।

प्रस्ताव नं. ७ नयाँ झोलुङ्गेपुल निर्माण सम्बन्धमा ।

निर्णय नं. १, प्रस्ताव नं.१ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४, बजेट तर्जुमा दिग्दर्शन २०७८ उपभोक्ता समिति सन्चालन निर्देशिका अनुसार बस्ती स्तरमा गई प्राथामीकताका आधारमा योजना छनौट गरी सात दिन भित्र प्रत्येक साविकको वडा बाट बढिमा तिन वटा योजना वडा समितिबाट निर्णय गराई कार्यलयमा पठाउने गर्ने निर्णय गरियो ।

निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको प्रशासनीक भवन निर्माणलाई प्रथामिकतामा राख्ने र आफ्नो नाममा जग्गा धनी पुर्जा भएका वा अति आवश्यक वडालाई पहिलो प्राथामिकतामा राखि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा उत्तरगया गाउँपालिका वडा नं. ४ को ढुंगे मा गएको पहिरो बाट हुन सक्ने थप जोखिम न्युनिकरण गर्न तथा गाउँपालिकाको विभिन्न वडामा वर्षाको कारणले भएको क्षति रोक्न जिल्ला प्रशासन कार्यालय धुन्चे रसुवा सँग १०० थान २.१ को जाली माग गर्ने र अरु सम्बन्धीत कार्यालयमा पत्राचार गर्ने तथा वडा नं ४, वडा न ३ का पहिरोबाट प्रभावितहरुको पहिचान गरि अस्थायी बासस्थान व्यवस्थापन गर्न लागत अनुमार तयार गरि विपद् व्यवस्थापन शिर्षक बाट जस्ता खरिद गरि प्रती परिवार ३ बन्डल ९ फिटे ५५ के जि को वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा उत्तरगया गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु (पुर्वाधार सम्बन्धी) दरबन्दी को आधारमा वडा कार्यलयमा नै हाजिर हुने व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा हालैको वर्षाले क्षतिग्रस्त भएका वडा नं. २ को भाङखोला , लाम्चे ढुङ्गा वडा न २, सालीम भित्ता वडा न ३, खाल्टे खोला वा वासे खोला खानेपानी वडा नं. ५ मा जोखिम न्यूनिकरण लागि लागत अनुमान अनुसार कार्यक्रम सम्झौता गरि कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त बाढि पहिरोबाट सिर्जित जोखिमको न्युनीकरण तथा पुन:निर्माण कार्य गर्न प्राविधिक लागत अनुमान तथा सम्बन्धित वडाको सिफारीस अनुसार विपद् शीर्षकबाट रकम अभाव भएमा कन्टेन्जेन्सी शीर्षकबाट खर्च गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ६, प्रस्ताव नं. ६ माथि छलफल गर्दा उत्तरगया गाउँपालिका वडा नं ५ वेत्रावती कैजलीटार मा रहेको विद्युत प्रशारण लाईन विद्युत प्राधिकरणसँग समन्वय गरि लागत अनुमानको आधारमा

स्थानान्तरण गर्ने निर्णय गरियो । भुक्तानीका लागि कन्टेन्जेन्सी शीर्षकबाट खर्च गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ७, प्रस्ताव नं. ७ माथि छलफल गर्दा उत्तरगया गाउँपालिका अन्तरगत पर्ने तपशिल बमोजिमका स्थानहरुमा झोलुङ्गेपुल निर्माण गर्नुपर्ने आवश्यकता देखिएको हुँदा विस्तृत परियोजना प्रतिवेदन निर्माण लगायतका प्राविधिक सहयोग सम्बन्धमा सिड्स रसुवालाई पत्राचार गर्ने निर्णय गरियो ।

<u>तपशिल:</u>

१) तल्लो दलदुङ्गा खोला झो.पु., वडा नं. १

२) चिप्लेटी खोला पुरानो स्कुल झो.पु., वडा नं. १

३) सिन्दुरे खोला झो.पु., वडा नं. १

४) बास्तोला करेली खोला झो.पु. वडा नं. २

५) थल्नु भाँगे खोला झो.पु. वडा नं. २

६) स्वारा खेत फन्जु खोला झो.पु. वडा नं. ३

७) घट्टे खोला झो.पु. वडा नं. ३

८) मनिगाउँ काभ्रे खोला झो.पु. वडा नं. ४